# भारतको ७६ औं गणतन्त्र दिवस मनाउँदै

## राजदूतको सन्देश



भारतको ७६औं गणतन्त्र दिवसको अवसरमा नेपालमा रहनुभएका मेरा भारतीय नागरिक तथा भारतका मित्रहरुमा न्यानो अभिवादन टक्र्याउन पाउनु मेरो लागि विशेष सम्मानको कुरा हो ।

पचहत्तर वर्ष अगाडि, आजकै दिन भारत गणतन्त्र बनेको थियो । हरेक भारतीयले आफ्ना आकांक्षा र क्षमता पूरा गर्न सकून् भनी लोकतान्त्रिक राज्य निर्माण गर्ने यात्रामा हामी अघि बढ्यौं । सन् २०२४मा विश्वकै सबैभन्दा ठूलो चुनावको आयोजना गरी स्वतन्त्र र निष्पक्ष चुनावमार्फत हामीले हाम्रो लोकतन्त्रको शक्तिलाई बारम्बार प्रदर्शन गरेका छौं ।

अन्तर्राष्ट्रिय समुदायले सामूहिक रूपमा सबैभन्दा जल्दाबल्दा विश्वव्यापी चुनौतीहरुबारे कुरा उठाउँदै गर्दा एक अग्रणी विकासशील राष्ट्रको रूपमा ग्लोबल साउथका प्राथमिकताहरुले पनि ठाउँ पाउन् भन्ने कुरा सुनिश्चित गर्न भारतले आफ्ना प्रतिबद्धतालाई पनि अगाडि बढाइरहेको छ। भारतले भ्वाइस अफ ग्लोबल साउथ समिटमार्फत ग्लोबल साउथका देशहरूलाई एउटै मन्चमा ल्याएको छ । नेपालले पनि उच्च स्तरमा यी सम्मेलनहरुमा सहभागीता जनाएको छ ।

भारत र नेपाललाई सहस्राब्दीयौंदेखि भौगौलिक रूपमा भूमि, नदी र हिमालले जोडेको छ। हाम्रा जनता, हाम्रा साझा संस्कृति र परम्पराबीचको बलियो सम्बन्धले यी भौतिक नातालाई थप मजबुत बनाएको छ। नेपालका प्रसिद्ध पवित्र स्थलहरु जस्तैं काठमाडौंको पशुपतिनाथ मन्दिर, मुस्ताङको मुक्तिनाथ र विवाह पंचमीका लागि जनकपुर आउनुहुने भारतीय तीर्थयात्रीहरुको ठूलो संख्याले पनि दुई देशबीचको गहिरो सम्बन्धलाई प्रतिबिम्बित गर्दछ । त्यस्तै भारतको प्रयागराजमा सन् २०२५ जनवरी १३ देखि फेब्रुवरी २६ सम्म हाल जारी 'महाकुम्भ' मा नेपाली तीर्थयात्रीहरुले सहभागीता जनाएका छन् । यस वर्ष माकुम्भमा नेपाल लगायत विश्वभरबाट ४० करोडभन्दा बढी आगन्तुकहरू आउने अपेक्षा गरिएको छ । यो केवल पवित्र गंगा, यमुना र हाल अदृश्य सरस्वतीको 'संगम' मात्र नभई परम्परा र आधुनिक प्रविधिको 'संगम' पनि हो । विश्वकै सबैभन्दा ठूलो मानवताको सम्मिलनमा तीर्थयात्रीहरूको सुरक्षित, भयरहित र सहज अनुभव सुनिश्चित गर्न भारतले कसरी यहाँ आधुनिक प्रविधिको प्रयोग गरेको छ भनेर हेर्ने ठाउँ पनि हो । ठूलो संख्यामा जीवनमा एकपटक देख्न सकिने यस अनुभवको साक्षी बन्न म नेपालमा रहनुभएका हाम्रा साथीहरुलाई प्रोत्साहित गर्दछु ।

सन् २०२४ सेप्टेम्बरमा न्यूयोर्कमा संयुक्त राष्ट्र संघको महासभाको साइडलाइनमा भारत र नेपालका प्रधानमन्त्रीबीच भएको भेटघाट; सन् २०२४ अगस्टमा नेपालका परराष्ट्रमन्त्रीको भारत भ्रमण; सन् २०२४ मा नेपालका ऊर्जा र उद्योग तथा वाणिज्य मन्त्रीहरूको भारत भ्रमण; र सन् २०२४ नोभेम्बर र डिसेम्बरमा भारत र नेपालका सेना प्रमुखहरूको पारस्परिक भ्रमण लगायत भारत र नेपालका नेताहरूबीच उच्चस्तरीय भेटघाटले हाम्रा दुई देशहरूबीचको मित्रताको बलियो सम्बन्धलाई प्रमाणित गर्दछ ।

नेपाल आफ्नो विकास यात्रामा अगाडि बढ्दै गर्दा भारत सबै क्षेत्रमा एक भरपर्दो साझेदारको रूपमा रहनेछ । प्राकृतिक प्रकोप र आपतकालीन अवस्थामा भारतले नेपाललाई गरेको सहयोगबाट पनि यो प्रतिबद्धता स्पष्ट हुन्छ। सन् २०२४ को सेप्टेम्बरमा नेपालमा आएको बाढी र पहिरोपछि पुनर्स्थापना र स्थल-स्थलबीचको सम्पर्क हेतु नेपालले चालेको प्रयासहरूमा सहयोग गर्न भारतले अनुदान स्वरूप २५ टनभन्दा बढी मानवीय सहायता र १० वटा प्रिफ्याब्रिकेटेड स्टील ब्रिजहरू प्रदान गऱ्यो ।


भारतीय सहायतामा नेपालको प्राथमिकता अनुरुप अघि बढाइएका थुप्रै पूर्वाधार र विकास परियोजनाहरुले हासिल गरेको प्रगति र गतिले नेपालको विकासमा भारतको प्रतिबद्धता झल्किन्छ । यस्ता परियोजनाहरूले भौतिक, डिजिटल, ऊर्जा र जनता-जनताबीचको कनेक्टिभिटी बढाउन मद्दत गर्छन् । सन् २०२४ को नोभेम्बरमा भारतीय ग्रिडमार्फत नेपालबाट बंगलादेशमा ४० मेगावाटको पहिलो त्रिपक्षीय ऊर्जा व्यापारको सुरुवात नै यस्तो कनेक्टिभिटीको एक उल्लेखनीय उदाहरण हो । यस्तो किसिमको त्रिपक्षीय कनेक्टिभिटीले विशेष गरी बर्खाको मौसममा निरन्तरता पाउनेछ र बढ्दै जानेछ । भारतमा बिजुली निर्यात गरेर नेपाल खुद राजस्व आर्जन गर्ने देश बनेकोले द्विपक्षीय विद्युत व्यापारले महत्वपूर्ण कोशेढुङ्गा पार गरेको छ । आगामी वर्षहरूमा हामीले यो निर्यात अझ बढ्ने अपेक्षा राखेका छौं जसले नेपाललाई फाइदा पुऱ्याउनेछ र हाम्रो आर्थिक साझेदारीलाई सुदृढ बनाउनेछ । प्रति दिन अन्तरदेशीय डिजिटल भुक्तानीको संख्यामा भएको वृद्धिले जनता-जनताबीचको बढ्दो कनेक्टिभिटीलाई जनाउछ जसले विशेष गरी पर्यटन क्षेत्र र रेमिट्यान्स स्थानान्तरणमा सहयोग पुऱ्याउँछ । नयाँ अन्तरदेशीय रेलवे लिङ्क, थप एकीकृत जाँच चौकी र पेट्रोलियम पाइपलाइनसहित अन्य विभिन्न संचालनमा रहेका पूर्वाधार र कनेक्टिभिटी परियोजनाहरूको शीघ्र सम्पन्नता सुनिश्चित गर्न हाम्रा दुवै सरकारहरू काम गरिरहेका छन् । हामी क्षमता निर्माण, शिक्षा, कृषि, अन्तरिक्ष र डिजिटल क्षेत्र जस्ता क्षेत्रहरूमा पनि हाम्रो सहकार्यलाई अझ विस्तार गर्न खोजिरहेका छौं । दुई देशका जनताको कल्याण र समृद्धिमा बढी ध्यान दिदै हाम्रो सदियौं पुरानो सभ्यतागत, सांस्कृतिक र ऐतिहासिक सम्बन्ध अझ अगाडि बढिरहेको छ ।

यस प्रयासमा नेपालमा रहनुभएका भारतीय समुदाय र भारतका मित्रहरुको भूमिका अत्यन्तै महत्वपूर्ण र उल्लेखनीय रहेको छ । दुई देशबीचको सम्बन्धलाई थप बलियो बनाउन दूतावासले संचालन गरेका कार्यक्रममा वहाँहरुले दिनुभएको साथ सहयोगका लागि वहाँहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यहाँहरु सबैलाई ७६ औं गणतन्त्र दिवसको शुभकामना । जय हिन्द !

नवीन श्रीवास्तव


## भारत-नेपाल सम्बन्ध बलियो बनाउँदै



भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मिति २०८१ आश्विन ६ गते न्यूयोर्कमा संयुक्त राष्ट्र संघको ७९ औं महासभाको साइडलाइनमा नेपालका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग भेट गर्नुभयो ।



नेपालका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीले मिति २०८१ श्रावण ३० गते भारतले आयोजना गरेको तेस्रो भ्वाइस अफ ग्लोबल साउथ शिखर सम्मेलनमा सहभागीता जनाउनुभयो ।





भारतका विदेशमन्त्री डा. एस. जयशंकरको निमन्त्रणामा नेपालका माननीय परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले मिति २०८१ भाद्र २ गतेदेखि ६ गतेसम्म भारतको औपचारिक भ्रमण गर्नुभयो । भ्रमणका दौरान नेपालका परराष्ट्रमन्त्रीले भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग पनि शिष्टाचार भेटवार्ता गर्नुभयो ।

## रक्षा सहकार्य





भारतीय सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी, पीभीएसएम, एभीएसएमले मिति २०८१ मंसीर ५ गतेदेखि ९ गतेसम्म नेपालको भ्रमण गर्नुभयो । नेपालका सम्माननीय राष्ट्रपतिले वहाँलाई नेपाली सेनाको मानार्थ महारथी दर्ज्यानी चिन्ह प्रदान गर्नुभयो । त्यसपछि सुप्रबल जनसेवाश्री पदकबाट विभूषित नेपाली सेनाका प्रधान सेनापति महारथी अशोक राज सिग्देलले मिति २०८१ मंसीर २६ गतेदेखि २९ गतेसम्म भारतको भ्रमण गर्नुभयो । भारतका माननीय राष्ट्रपतिले वहाँलाई भारतीय सेनाको मानार्थ महारथीको दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको थियो ।



भारत-नेपाल संयुक्त सैन्य अभ्यास 'सूर्य किरण' को १८ औं संस्करण नेपालको सालझण्डीमा मिति २०८१ पौष १६ गतेदेखि २९ गतेसम्म चलेको थियो ।



भारतीय सेनाको ब्याण्ड टोलीले मिति २०८० फाल्गुन १९ गतेदेखि २७ गतेसम्म नेपालको भ्रमण गऱ्यो र नेपाली सेनाको निमन्त्रणामा काठमाडौंमा नेपाली सेना दिवस २०२४ को उपलक्ष्यमा आयोजित कार्यक्रममा सहभागीता जनायो ।

## कल्चरल कनेक्ट






मिति २०८१ पौष २९ गतेदेखि फाल्गुन १४ गतेसम्म प्रयागराजमा जारी धार्मिक भेला महाकुम्भले नेपालबाट ठूलो संख्यामा आगन्तुकहरुलाई आकर्षित गरिरहेको छ । यस धार्मिक मेलामा विश्वभरबाट ४० करोडभन्दा बढी आगन्तुकहरू आउने अपेक्षा गरिएको छ र यो केवल एक धार्मिक कार्यक्रम मात्र नभई आधुनिक प्रविधि र पूर्वाधारलाई जोड्दै भक्तजनहरूको अनुभव सुखद तुल्याउने माध्यम पनि बनेको छ । आध्यात्मिकता र आधुनिकताको यो सम्मिलनको अनुभव गर्न महाकुम्भको भ्रमण गर्न सकिन्छ ।



नेपालस्थित भारतीय राजदूतावासले लुम्बिनी विकास कोष र लुम्बिनी बौद्ध विश्वविद्यालय सँगको सहकार्यमा मिति २०८१ मंसीर २३ गते लुम्बिनीमा भारत-नेपाल सांस्कृतिक महोत्सवको दोस्रो संस्करण आयोजना गऱ्यो । भारत र नेपालका नृत्य टोलीले सो कार्यक्रममा आफ्नो प्रस्तुति प्रस्तुत गरेका थिए । 'भारत र नेपालका बौद्ध सांस्कृतिक सम्पदा' विषयकमा शैक्षिक गोष्ठीको पनि आयोजना गरिएको थियो ।




भारतको ७८ औं स्वतन्त्रता दिवसको उत्सवको एक हिस्साको रूपमा श्री अर्पिता दत्तको नेतृत्वमा भारतबाट आएको कथक नृत्य समूहले मिति २०८१ श्रावण २९ गतेदेखि भाद्र ३ गतेसम्म काठमाडौं, वीरगंज, विराटनगर र पोखरामा आफ्नो प्रस्तुति प्रस्तुत गऱ्यो ।

## ऊर्जा सहकार्य





भारतीय ग्रिडमार्फत नेपालबाट बंगलादेशतर्फ हुने पहिलो विद्युत व्यापारको मिति २०८१ कार्तिक ३० गते उद्घाटन गरियो ।




इन्डियन आयल कर्पोरेशन लिमिटेड र नेपाल आयल निगमले नेपालमा महत्वपूर्ण पेट्रोलियम पूर्वाधार परियोजनाहरूको विकासका लागि मार्ग प्रशस्त गर्दै मिति २०८१ आश्विन १७ गते बिजनेस टु बिजनेस फ्रेमवर्क सम्झौतामा हस्ताक्षर गरे ।

## विकास साझेदारी



भारतको अनुदान सहयोगमा निर्माण गरिएको नेपालगन्ज (वीरगंज र विराटनगर पछि) स्थित तेस्रो एकीकृत जाँचचौकी (आईसीपी) सन् २०२४ मा सञ्चालनमा आएको थियो । भैरहवास्थित चौथो एकीकृत जाँचचौकी निर्माणाधीन अवस्थामा रहेको छ र दोधारा चाँदनीस्थित पाँचौं एकीकृत जाँचचौकीको काम छिट्टै सुरु हुने भएको छ ।



भारतका विदेश सचिव श्री विक्रम मिस्री र नेपाल सरकार शहरी विकास मन्त्रालयका सचिव श्री मणिराम गेलालले मिति २०८१ श्रावण २७ गते काठमाडौंस्थित श्री नेपाल भाषा परिषद्को नयाँ भवनको संयुक्त रूपमा उद्घाटन गर्नुभयो । सो भवन भारतको अनुदान सहयोगमा अघि बढाइएको २०७२ सालको भूकम्पपछिको पुनर्निर्माण परियोजना रहेको छ ।

**३३** सन् २०२४ मा एम्बुलेन्सहरू उपहारस्वरूप प्रदान



**६६** सन् २०२४ मा स्कुल बसहरू उपहारस्वरूप प्रदान



### उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू (एचआइसीडीपी)





**२१** सन् २०२४ मा एचआइसीडीपीहरूको उद्घाटन र हस्तान्तरण

**१५** सन् २०२४ मा एचआइसीडीपी परियोजना समझदारीपत्रहरुमा हस्ताक्षर

**०९** सन् २०२४ मा एचआइसीडीपीहरुका लागि शिलान्यास सम्पन्न

## शिक्षा तथा क्षमता निर्माण

**५००** सन् २०२४ मा नेपालमा कक्षा ११ र १२ मा अध्ययन गर्नका लागि महात्मा गान्धी छात्रवृत्ति योजना (एमजीएसएस) अन्तर्गत सिटहरू ।

**२००** सन् २०२४ मा नेपालमा विभिन्न स्नातक तहका विषयहरु अध्ययन गर्नका लागि स्वर्ण जयन्ती छात्रवृत्ति योजना (जीजेएसएस) अन्तर्गत सिटहरू ।

**७००** सन् २०२४ मा भारतमा विभिन्न स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहका विषयहरु अध्ययन गर्नका लागि सिटहरू ।

**३३** सन् २०२४ मा भारतको आर्मी पब्लिक स्कुलहरूमा अध्ययन गर्नका लागि सिटहरू ।



सन् २०२४ मा भारतका साथै नेपालमा विभिन्न कोर्सहरुमा नेपाली नागरिकहरुका लागि भारतले करिब १५०० छात्रवृत्तिहरु प्रदान गरेको थियो ।




सन् २०२४ मा भारत सरकारको आइटेक कार्यक्रम अन्तर्गत IITs, IIMs, NLUs र MANAGE लगायत भारतका २७ वटा संस्थानहरुमा ४५० जना नेपाली अधिकारी तथा पेशाकर्मीले विभिन्न ५३ वटा कोर्सहरुमा प्रशिक्षण लिएका थिए ।

## राहत तथा आपूर्तिहरू




सन् २०२४ सेप्टेम्बरमा नेपालमा आएको बाढी र पहिरोपछि नेपालको राहत र पुनर्निर्माण प्रयासलाई सहयोग गर्न भारतले २५ टनभन्दा बढी तत्काल राहत सामग्रीका साथै दसवटा प्रिफ्याब्रिकेटेड स्टील ब्रिजहरु उपलब्ध गरायो ।





## पहिलो भारत नेपाल पर्यटन सम्मेलन




काठमाडौंस्थित भारतीय राजदूतावासले नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा मिति २०८१ मंसीर २५ गते पहिलो भारत-नेपाल पर्यटन सम्मेलनको आयोजना गरेको थियो । उक्त कार्यक्रम उत्तर प्रदेशको प्रयागराजमा हुने महाकुम्भ २०२५ को प्रवर्द्धन गर्ने तथा भारत र नेपालबीच सर्किट टुरिजमको कार्यान्वयनलाई बढावा दिन बीटुबी कनेक्सनहरु निर्माण गर्ने कुरामा केन्द्रित थियो । सन् २०२४ मा भारतबाट ३ लाखभन्दा बढी पर्यटकहरूले हवाई मार्ग हुँदै नेपालको यात्रा गरे । नेपालको इनबाउन्ड टुरिजममा भारत सबैभन्दा ठूलो योगदानकर्ता रहेको छ ।

## अन्तरिक्ष



इन्डियन स्पेस रिसर्च अर्गनाइजेसन (इसरो) ले मिति २०८१ माघ ३ गते यसको स्पेस डकिङ एक्सपेरिमेन्ट(स्पेडेक्स) को एक हिस्साको रूपमा स्याटेलाइट डकिङमा सफलता हासिल गरेको छ जसले भारतलाई सफल स्पेस डकिङ हासिल गर्ने विश्वमै चौथो राष्ट्र बनाएको छ । नेपालले निर्माण गरेको स्याटेलाइट "मुनाल" को प्रक्षेपणमा अनुदान सहयोग पुऱ्याउँदै भारतले नेपालसँग अन्तरिक्ष क्षेत्रमा साझेदारी गर्दै आएको छ ।

इसरो isro